# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, असार ३१ गते २०५६ साल (अतिरिक्ताङ्क १७


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको अट्ठाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५६ सालको ऐन नं. ६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागेबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आर्थिक वर्ष २०५६/५७ को सेवा र कार्यहरुको केही अंशका लागि सञ्चित कोषबाट पेश्कीको रुपमा केही रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०५६/५७ को विनियोजन विधेयक विचाराधीन रहेको र सो वर्षको निमित्त अनुमान गरिएको खर्चको केही अंश पेश्कीको रुपमा सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको अठ्ठाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम : यस ऐनको नाम "पेश्की खर्च ऐन, २०५६" रहेकोछ ।

२. आर्थिक वर्ष २०५६/५७ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०५६/५७ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त सोही अनुसूचीको महल ४ को साधारण खर्चको र महल ५ को विकास खर्चको महल ६ मा उल्लिखित जम्मा रु. २१,८२,५०,०८,०००।- (एक्काइस अर्ब बयासी करोड पचास लाख आठ हजार रुपैयाँ) सम्मको रकम निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट झिक्न र खर्च गर्न सकिनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार सञ्चित कोषमाथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरवार | ८७९१० |
| २ | १२ | राजपरिषद् | ६३६२ |
| ३ | १३ | संसद | ३७३५ |
| ४ | १४-३-११० | सर्वोच्च अदालत | २५९५० |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७४०३ |
| ६ | १६ | महालेखा परीक्षकको विभाग | ३५३०० |
| ७ | १७ | लोक सेवा आयोग | ४७४०८ |
| ८ | १८ | निर्वाचन आयोग | २११३८ |
| ९ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | ४९१७३१५ |
| १० | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ४४०१००८ |
| ११ | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २२०७६१० |
| १२ | ९५-३-५४० | अर्थ मन्त्रालय विविध-दण्ड जरिवाना फिर्ता | २००० |
| | | जम्मा | ११७६३१३९ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२

(दफा २ संग सम्बन्धित)

सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १ | १३ | संसद | ४८४९६ | ० | ४८४९६ |
| २ | १४ | अदालत | ७९२५९ | ० | ७९२५९ |
| ३ | १६ | महालेखा परीक्षकको विभाग | ० | ५०० | ५०० |
| ४ | १७ | लोक सेवा आयोग | ० | ४९४५ | ४९४५ |
| ५ | १८ | निर्वाचन आयोग | ० | ३५०० | ३५०० |
| ६ | १९ | महान्यायाधिवक्ताको कार्यालय | ३२२६६ | ० | ३२२६६ |
| ७ | २० | न्याय परिषद् | १७११५ | ० | १७११५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

6८८

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | २५ | प्रधानमन्त्रीको कार्यालय | ६२६ | ० | ६२६ |
| ९ | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | २६९८ | ० | २६९८ |
| १० | ३० | मन्त्रिपरिषद् | १११०५ | ० | १११०५ |
| ११ | ३५ | अर्थ मन्त्रालय | १०७५३१ | २७४८५३ | ३८२३८४ |
| १२ | ३६ | आपूर्ति मन्त्रालय | १३६६ | १०६०१६ | १०७३८२ |
| १३ | ३७ | आवास तथा भौतिक योजना मन्त्रालय | ४५००० | ९१११४८ | ९५६१४८ |
| १४ | ३८ | उद्योग मन्त्रालय | ७७११० | १४९००२ | २२६११२ |
| १५ | ३९ | कानून तथा न्याय मन्त्रालय | ५८०५ | ० | ५८०५ |
| १६ | ४० | कृषि मन्त्रालय | ३८८११ | ९१३६८४ | ९५२४९५ |
| १७ | ४५ | गृह मन्त्रालय | १२५७९०१ | २०६० | १२५९९६१ |
| १८ | ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | २०२६ | ११२०३ | १३२२९ |
| १९ | ४७ | जलस्रोत मन्त्रालय | ४६५१३ | १३८६११३ | १४३२६२६ |
| २० | ४८ | निर्माण तथा यातायात मन्त्रालय | ६२४५२ | १७३३०४३ | १७९५४९५ |
| २१ | ४९ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५५२५ | ७९३०९ | ८४८३४ |

मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | ५० | परराष्ट्र मन्त्रालय | २८२११६ | ० | २८२११६ |
| २३ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ८९०१६ | १२४२९७ | २१३३१३ |
| २४ | ५६ | महिला तथा समाज कल्याण मन्त्रालय | १७९४० | ६५२० | २४४६० |
| २५ | ५७ | युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | ३५४६२ | १३०२७५ | १६५७३७ |
| २६ | ५८ | रक्षा मन्त्रालय | ११७१५४४ | ० | ११७१५४४ |
| २७ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | २९३१०० | १८८०३५ | ४८११३५ |
| २८ | ६० | वाणिज्य मन्त्रालय | १००८१ | २५२६३४ | २६२७१५ |
| २९ | ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ४५७६ | १६६५१५ | १७१०९१ |
| ३० | ६५ | शिक्षा मन्त्रालय | २२९३१७० | १०९८८५४ | ३३९२०२४ |
| ३१ | ६६ | सामान्य प्रशासन मन्त्रालय | १२२३९ | ३१६६ | १५४०५ |
| ३२ | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | २२९९०० | ३८५०१ | २६८४०१ |
| ३३ | ६८ | संसदीय व्यवस्था मन्त्रालय | ८७० | १०९१ | १९६१ |
| ३४ | ६९ | स्थानीय विकास मन्त्रालय | १२२६१ | १६२८०९९ | १६४०३६० |
| ३५ | ७० | स्वास्थ्य मन्त्रालय | ५१९१५४ | ९२००१८ | १४३९१७२ |

मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | ७१ | श्रम मन्त्रालय | ४७०३ | २२६३९ | २७३४२ |
| ३७ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | १८५४१ | १८५०५ | ३७०४६ |
| ३८ | ८६ | अर्थ मन्त्रालय-लगानी वैदेशिक संस्था | १४६०८ | ० | १४६०८ |
| ३९ | ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ० | ३४९४८६१ | ३४९४८६१ |
| ४० | ८८ | अर्थ मन्त्रालय-लगानी अन्य | ० | १८९३७ | १८९३७ |
| ४१ | ९५ | अर्थ मन्त्रालय-विविध | १०२३५०० | २६२२९९ | १२८५७९९ |
| | | जम्मा | ७८७४३८६ | १३९५०६२२ | २१८२५००८ |

लालमोहर सदर मितिः- २०५६।३।३१५

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, असार३२गते२०५६साल (अतिरिक्ताङ्क१७(क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

राजप्रतिनिधि परिषद्का अध्यक्ष श्री ५ युवराजाधिराजबाट माननीय अर्थ मन्त्री श्री महेश आचार्य विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषका कार्यकारी निर्देशक र वैकल्पिक निर्देशकहरूको पारिश्रमिक सम्बन्धी संयुक्त समितिको बैठकमा भाग लिन २०५६ साल साउन २ गते संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डि.सी. तर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य मन्त्री डा. रामवरण यादवले सम्हाल्ने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
प्रमुख सचिव पशुपतिभक्त महर्जन
सदस्य-सचिव, राजप्रतिनिधि परिषद्

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

658